## आ.व.२०८२।८३ को सत्रौ कार्यपालिका बैठक

आज मिति २०८३।०१।०७ गते राप्ती गाउँपालिकाका अध्यक्ष श्री प्रकाश विष्टज्यूको अध्यक्षता तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बस्यो । बैठकका उपस्थिति र निर्णयहरु यसप्रकार छन् ।

| क्र.सं. | नाम थर | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रकाश विष्ट | |
| २ | उपाध्यक्ष | श्री कमलापति चौधरी | |
| ३ | सदस्य ( वडा नं. १ अध्यक्ष ) | श्री गेमे खड्का | |
| ४ | सदस्य ( वडा नं. २ अध्यक्ष ) | श्री पहलवान चौधरी | |
| ५ | सदस्य ( वडा नं. ३ अध्यक्ष ) | श्री उमेश अधिकारी | |
| ६ | सदस्य ( वडा नं. ४ अध्यक्ष ) | श्री विर वहादुर चौधरी | |
| ७ | सदस्य ( वडा नं. ५ अध्यक्ष ) | श्री देव प्रसाद चौधरी | |
| ८ | सदस्य ( वडा नं. ६ अध्यक्ष ) | श्री दीपक कुमार चौधरी | |
| ९ | सदस्य ( वडा नं. ७ अध्यक्ष ) | श्री सिताराम चौधरी | |
| १० | सदस्य ( वडा नं. ८ अध्यक्ष ) | श्री चन्द्र बहादुर गुरुङ | |
| ११ | सदस्य ( वडा नं. ९ अध्यक्ष ) | श्री रिम वहादुर सुनारी मगर | |
| १२ | सदस्य | श्री पार्वती सुवेदी | |
| १३ | सदस्य | श्री चम्फा भुसाल | |
| १४ | सदस्य | श्री रण बहादुर पुजाली सार्की | |
| १५ | सदस्य | श्री गिता चौधरी | |
| १६ | सदस्य | श्री सावित्री चौधरी | |
| १७ | सदस्य | श्री संजिव परियार | |
| १८ | सदस्य सचिव | श्री देविराम पाठक | |
| | | | |

**आमन्त्रित**

| | | | |
|---|---|---|---|
| | वरिष्ठ लेखा अधिकृत | श्री लेखा भण्डारी | |
| | प्रशासकीय अधिकृत | श्री विकास ज्ञवाली | |
| | स. शिक्षा अधिकृत | श्री देवी मल्ल | |

आ.व. २०८२।८३
बैठक नं.-१७
मिति २०८३।०१।०७

**मिति २०८३।०१।०७ गते सानी गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु ।**

| क्र. सं. | प्रस्तावको संक्षिप्त व्यहोरा | निर्णय हुनुपर्ने विषय | कै |
|---|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा। | अघिल्लो कार्यपालिका बैठकको समिक्षा गर्ने। | |
| २ | कार्यदल गठन सम्बन्धमा | संस्थागत विद्यालयहरूले लिने शुल्कका सम्बन्धमा अभिभावक तथा सरोकारवालाहरूबाट प्राप्त गुनासो र असन्तुष्टि सम्बन्धमा अध्ययन तथा सिफारिस गर्न कार्यदल गठन गर्ने। | |

प्रकाश विष्ट
अध्यक्ष

आ.व. २०८२।८३
बैठक नं.-१७
मिति २०८३।०१।०७

**मिति २०८३।०१।०७ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकका निर्णयहरु।**

**निर्णय नं.१** – यस अघिका कार्यपालिका बैठकको निर्णय सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं. २**- राप्ती गाउँपालिका अन्तर्गतका संस्थागत विद्यालयहरूले लिने शुल्कका सम्बन्धमा अभिभावक तथा सरोकारवालाहरूबाट प्राप्त गुनासो र असन्तुष्टि सम्बन्धमा अध्ययन तथा सिफारिस गर्न तपशिलको कार्यविवरण सहितको कार्यदल गठन गर्ने।

**कार्यदल**

श्री पहलवान चौधरी (संयोजक), संयोजक, सामाजिक विकास समिति,

श्री विर बहादुर चौधरी (सदस्य), वडाध्यक्ष, वडा नं. ४

श्री देव प्रसाद चौधरी (सदस्य), वडाध्यक्ष, वडा नं. ५

श्री दिपक कुमार चौधरी (सदस्य), वडाध्यक्ष, वडा नं. ६

श्री चम्पा भुसाल (सदस्य), कार्यपालिका सदस्य

श्री देवी मल्ल (सदस्य सचिव), सहायक शिक्षा अधिकृत

**कार्यविवरण (Terms of Reference - TOR):**

१. **परामर्श र छलफल:** संस्थागत विद्यालयका सञ्चालक, प्रधानाध्यापक, प्याब्सन/एन-प्याब्सनका पदाधिकारीहरू र अभिभावकहरूसँग प्रत्यक्ष छलफल गरी शुल्क वृद्धिको आधार र समस्याको पहिचान गर्ने।
२. **कानुनी आधारको विश्लेषण:** शिक्षा नियमावली २०५९ (संशोधन सहित), संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड २०७२ र राप्ती गाउँपालिकाको आधारभुत तथा माध्यमिक शिक्षा संचालन तथा व्यवस्थापन कार्यविधि २०७९ को को परिधिमा रही शुल्कको विश्लेषण गर्ने।
३. **विद्यालय वर्गीकरण:** विद्यालयहरूले बुझाएको स्व-घोषणा विवरण र प्राप्त भौतिक पूर्वाधारका आधारमा विद्यालयहरूको वर्गीकरण प्रक्रियालाई तीव्रता दिने र सोही आधारमा शुल्कको वैज्ञानिक सीमा तय गर्ने।
४. **स्थलगत अनुगमन:** आवश्यकता अनुसार विद्यालयहरूको भौतिक अवस्था र प्रदान गरिएको सेवा सुविधाको स्थलगत निरीक्षण गर्ने।
५. **प्रतिवेदन पेस:** माथि उल्लेखित विषयहरूको गहिरो अध्ययन गरी आगामी **३ दिनभित्र** स्पष्ट राय, सुझाव र सिफारिस सहितको प्रतिबेदन कार्यपालिकामा पेस गर्ने।

प्रकाश विष्ट
अध्यक्ष